# स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०२/१८**

**प्रमाणिकरण मितिः२०८३/०२/१८**

**प्रस्तावनाः**

स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई थप व्यवस्थित जनमुखी र प्रभावकारी बनाउन स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान,२०७२ स्वास्थ्य नीति २०७६, जनस्वास्थ्य ऐन, २०७५ को उद्देश्य कार्यान्वयनमा सहयोग पुऱ्याउन, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि थबाङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षिप्त नामः

१.१ यस कार्यविधिको नामः "स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि, २०८३" रहनेछ।

१.२ यस कार्यविधिको आधारमा थबाङ गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाका लागि निर्देशिका बनाई लागू गर्न सकिनेछ।

१.३ यो कार्यविधि थबाङ गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

२.१ आधारभूत स्वास्थ्य भन्नाले ऐन, २०७५ को ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनःस्थापनात्मक सेवा सम्झाउनु पर्दछ।

२.२ स्थानीय तह भन्नाले प्रचलित कानून बमोजिम स्थापित थबाङ गाउँपालिका, झकेबाङ, रोल्पालाई सम्झनु पर्दछ।

२.३ "स्थानीय स्वास्थ्य संस्था" भन्नाले थबाङ गाउँपालिका भित्रका आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई केन्द्रलाई सम्झनु पर्दछ।

२.४ "स्वास्थ्य शाखा" भन्नाले थबाङ गाउँपालिका अन्तर्गतको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ।

२.५ "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झिनु पर्दछ ।

२.६ संरक्षक भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

### कार्यविधिको उद्देश्य, समितिको गठन प्रक्रिया तथा काम, कर्तव्य र अधिकार

**२ .१ कार्यविधिको उद्देश्यः**

आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्दै आफ्नो आवश्यकता अनुरुपको स्वास्थ्य सेवा आफै व्यवस्थापन गर्न स्थानीय स्रोतको सदुपयोग र जनसहभागिता परिचालन गरी सुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

**२.२ समितिको गठनः**

१. समितिको गठन यस कार्यविधिको परिच्छेद ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

२. पदावधिः समितिको पदावत गठन भएको मितिले पाँच वर्षको हुनेछ ।

३. रिक्त हुने अवस्था निर्वाचित पदाधिकारीहरूको हकमा नियमित पदावधि समाप्त भएपछि स्वतः समितिको पदावधि समेत समाप्त हुनेछ। मृत्यु भएमा, राजीनामा स्वीकृत भएमा, फौजदारी अभियोग लागेमा, लगातार तीनवटा बैठकमा बिना सूचना अनुपस्थित भएमा समेत पद रिक्त हुनेछ ।

**२.३ बैठक सम्बन्धि व्यवस्थाः**

१. समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछन् । दुवैको अनुपस्थितिमा तोके बमोजिम वा उमेरमा सबैभन्दा ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

२. समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । आवश्यक परेको अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ ।

२.४ समितिको काम, कर्तव्य र अधिकारः

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा समस्याहरु समाधानका लागि पहल गर्ने र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने ।

(ख)स्वास्थ्य संस्थाबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने । वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था गर्ने ।

(ग) स्वास्थ्य संस्थालाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरु भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्नु ।

(घ) स्वास्थ्य शाखाले बनाएका कार्यक्रम कार्यान्वयन, अनुगमन, समीक्षा र आवधिक प्रतिवेदन तयार गरी सम्बन्धित तहमा पेश गर्ने।

(ङ) आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई केन्द्रको उन्नत्ति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

(च) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने ।

(छ) स्वास्थ्य सेवाबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितिताका लागि आवश्यक कार्यहरु गर्ने गराउने ।

(ज) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधी, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रवाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना तर्जुमा निर्माण गर्न पहल गर्ने ।

(झ) स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

(ञ) गाउँपालिका र अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासँग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापसँग सम्बन्धि विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने ।

(ट) स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने । समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

## परिच्छेद-३

**कार्यक्षेत्र:**

३. कार्यक्षेत्र समितिको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ ।

३.१ नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह (Basic Health Care Package) र सेवाको न्यूनतम मापदण्ड (Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने ।

३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसँग सम्बन्धित (बुँदा १ देखि १२) कार्यक्रमहरूको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन समन्वय र सहजीकरण गर्ने।

३.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू बुँदा १ देखि १७ आफ्नो कार्यक्षेत्र भित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने। जनचेता अभिवृद्धि जस्ता कार्यक्रमहरु लागू गर्न नेतृत्व प्रदान गर्ने।

३.४ स्वास्थ्यको वृहत् सामाजिक निर्धारक तत्त्वहरूको (Wider Social Determinants of Health) कारणबारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारबाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरूको पहिचान गर्न र नसर्ने रोगहरूबाट बच्न रोकथामका उपायहरु बारे प्रचारप्रसार गर्ने।

३.५. स्वास्थ्य संस्थाको भौगलिक कार्यक्षत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडि परेका वर्ग, गरीब र सीमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने।

३.६. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकुल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने।

३.७. स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने।

३.८. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्वःमूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने।

३.९. स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने। रेकर्डिङ तथा रिपोर्टिङलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने।

३.१०. स्वास्थ्य संस्थाको भौगलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।

३.११. स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग र सहजीकरण गर्ने ।

३.१२. विद्युतीय स्वास्थ्य (e-Health) को अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागू गर्दै जाने । सोको कार्यन्वयनका लागि गाउँपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासँग आवश्यक सहयोग र समन्वय गर्ने ।

३.१३. आफ्नो कार्यक्रमलाई थप प्रभावकारी र जनमुखी बनाउन , अनुभव र सहयोग आदान प्रदान गर्न जिल्ला, प्रदेश तथा संघीय स्तरमा समन्वय गर्ने ।

३.१४. आफ्नो कार्यक्षेत्रका सेवाग्राहीहरुका बीच स्वास्थ्य वीमा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक योजना तर्जुमा र सहजीकरण गर्ने र सेवाको कार्य सम्पादन र यसको उपयोगिताको नियमित समीक्षा गर्ने ।

३.१५. आयुर्वेद, होमियोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक स्वास्थ्य सेवा तथा कार्यक्रमलाई आफ्नो योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

३.१६. समुदायमा आधारीत प्रवर्द्धनात्मक, पुंनस्थापनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रमहरु योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

३.१७. महामारी तथा प्राकृतिक प्रकोपजस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आवश्यक व्यवस्थापन गर्ने ।

३.१८. प्रेषण प्रणालीलाई क्रियाशिल बनाउन आधुनिकीरण तथा व्यवस्थित गर्ने ।

३.१९. सेवाग्राही तथा सेवाप्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चत गर्न सहजीकरण गर्ने ।

## परिच्छेद – ४

## वित्तीय व्यवस्थापन

**४. वित्तीय व्यवस्थापन :**

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्रचलित आर्थिक ऐन नियमहरुको परिधिभित्र रही कार्यक्रमहरु सञ्चालन गर्न निम्न बमोजिम वित्तीय व्यवस्थापन गर्न सक्नेछन । स्थानीय स्वास्थ्य संस्थाको वित्तीय व्यवस्थापन नेपाल सरकारको आर्थिक ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गाउँपालिकाको आर्थिक ऐन, नियम अनुसार हुनेछ ।

**४.१. बजेट तर्जुमा :**

बजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, गाउँपालिकाबाट प्राप्त हुने सहयोग, अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त रकम तथा स्थानीय स्वास्थ्य संस्थाको आम्दानीलाई समेत आधार बनाउनु पर्दछ ।

(क) स्वास्थ्य संस्थाको थप व्यवस्थापनका लागि समितिले आर्थिक स्रोतको खोजी गर्नेछ ।

(ख) बजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, गाउँपालिकाबाट प्राप्त हुने सहयोग तथा अन्य गैर सरकारी संस्थाबाट प्राप्त हुने सहयोगलाई समेत आधार बनाउनु पर्दछ ।

**४.२ खर्च तथा अभिलेख:**

(क) दरवन्दी अनुसारको जनशक्तको लागि आवश्यक तलब भत्ता औषधि तथा उपकरणको कमी नहुने गरी गाउँपालिकाबाट प्राप्त अनुदान सुनिश्चित गरी अन्य प्रशासनीक खर्चमा बजेट बाँडफाँड गर्नु पर्नेछ । दरवन्दी बाहेकका जनशक्ति आवश्यक परेमा आर्थिक श्रोतले भ्याउने भएमा मात्र गाउँ सभाको निर्णय र स्वीकृत मापदण्ड बमोजिम जनशक्तिको करार व्यवस्थापन गर्न सकिने छ ।

(ख) प्रत्येक आ.व. को लागि निर्धारण गरिएको रकम समयमै गाउपालिकामा माग गर्नु पर्दछ ।

(ग) प्राप्त रकम सम्बन्धित शीर्षकको कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी सो को अभिलेख स्वास्थ्य संस्थामा पनि राख्नु पर्दछ ।

(घ) स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको चल, अचल सम्पत्तिको अभिलेख अध्यावधिक गरी ठीक दुरुस्त राख्नु पर्नेछ ।

(ङ) प्रचलित कानून बमोजिम प्रत्येक वर्ष स्वास्थ्य संस्थाको लेखा परीक्षण तथा सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(च) सम्बन्धित स्वास्थ्य संस्थाको आफ्नै नाममा बैंक खाता खोलिने छ र उक्त खातामा जम्मा भएको रकम स्वास्थ्य संस्था प्रमुख र समितिका अध्यक्षको संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन हुनेछ ।

## परिच्छेद- ५

## संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य र दायित्व

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य एवं उत्तरदायित्व देहाय बमोजिम हुनेछ ।

**५.१. संरक्षक:**

५.१.१ आफ्नो गाउँपालिका क्षेत्रभित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुको लागि सामाजिक विकास स्वास्थ्य शाखा लगायत स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी, संरक्षण र प्रोत्साहन गर्ने ।

५.१.२ गाउँपालिका क्षेत्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रहने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने ।



**५.२ अध्यक्ष:**

५.२.१ अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।

५.२.२ योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्ययोजना बनाई जिम्मेवारी व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

५.२.३ कार्य योजना बमोजिम पदाधिकारीहरुले कार्य सम्पादनको अनुगमन तथा मूल्यांकन गर्ने । स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सो को सुनिश्चितता गर्ने ।

५.२.४ कर्मचारीहरुको कामको नियमित मूल्यांमंकन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने ।

५.२.५ कर्मचारीहरुलाई आवश्यकता अनुसार काज, तालिम वा गोष्ठीको आयोजनाको लागि पहल गर्ने ।

५.२.६ स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

५.२.७ समितिको बैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

५.२.८ समय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लगत अद्यावधिक गराउने ।

**५.३ उपाध्यक्ष:**

५.३.१ अध्यक्षले गर्ने माथिको सबै कार्यहरुको अतिरिक्त निजको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नेछन ।

**५.४ सदस्यहरु:**

५.४.१ स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा प्रक्रियामा सहभागिता जनाउने र आवश्यक सहयोग पुर्‍याउने ।

५.४.२ स्थानीय स्रोत साधन जुटाउन, परिचालन गर्न राय, सुझाव र सहयोग पुर्‍याउने ।

५.४.३ कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता भए समितिलाई जानकारी दिने ।

५.४.४ समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसारको जिम्मेवारी बहन गर्ने ।

५.४.५ अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्नु पर्ने अवस्था परेमा अध्यक्षता गर्ने ।

५.४.६ समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन र रेखदेख गर्ने ।

५.४.७ समितिका सदस्यहरुले पालैपालो गरी मासिक समीक्षामा भाग लिने ।

५.४.८ आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सबै इकाईमा नियमित सञ्चालन हुने व्यवस्था गर्ने ।

५.४.९ स्वास्थ्य क्षेत्रको बहुआयमिक विकासको लागि बहुक्षेत्रीय समन्वय तथा सहकार्य गर्ने गराउने ।

## परिच्छेद- ६

### स्थानीय स्वास्थ्य संस्थाबाट संचालन गरिने क्रियाकलाप सम्बन्धी व्यवस्था

६.१ आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवाहरुलाई आधार मानी स्थानीय स्वास्थ्य संस्थाहरुबाट संञ्चालन गरिने स्वास्थ्य कार्यक्रमहरु तथा क्रियाकलापहरु देहाय बमोजिम हुनेछन ।

| स्वास्थ्य कार्यक्रमहरु | आधारभूत अस्पताल | स्वाथ्य चौकी | आ.स्वा. से.के. | सा.स्वा .इ.के. |
|---|---|---|---|---|
| **योजना तर्जुमा** | | | | |
| (क) स्वास्थ्य संस्था प्रोफाइल तयार गर्ने र नियमित रुपमा अद्यावधिक गर्ने । | √ | √ | √ | √ |
| (ख) राष्ट्रिय कार्यनीति र निर्देशन अनुसार आफ्नो कार्यक्षेत्रको आवधिक तथा वार्षिक योजना तयार गरी सम्बन्धित निकायमा पेश गर्ने । | √ | √ | √ | √ |
| (ग) स्वीकृत भई आएका कार्यक्रमहरु कार्यावन्यनको लागि मातहतका निकाय तथा व्यक्तिहरुमा काम र लक्ष्यको बाँडफाँड गर्ने । | √ | √ | √ | √ |
| (घ) कार्ययोजना र कार्य तालिका बनाउने र कार्यक्रम कार्यान्वयन गर्ने । | √ | √ | √ | √ |
| **परिवार योजना कार्यक्रम** | | | | |
| (क) कार्यक्षेत्र भित्र परिवार योजना सेवा दिनु पर्ने लक्षित समूहका दम्पतिहरुको लगत तयार गर्ने र अद्यावधिक गरी राख्ने । | √ | √ | √ | √ |
| (ख) परिवार योजनाको आवश्यकता, महत्व र फाइदाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने । | √ | √ | √ | √ |
| (ग) परिवार योजनाको सेवा तथा परामर्श सेवा उपलब्ध गराउने । | √ | √ | √ | √ |
| (घ) बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनमा सघाउ पुऱ्याउने । | √ | √ | √ | √ |
| (ङ) परिवार योजनाका साधनहरुको प्रयाप्त मौज्दात कायम राख्ने । | √ | √ | √ | √ |
| (च) परिवार योजनाका साधन अपनाउनेहरुको अनुगमन गरी निरन्तरता कायम गर्ने । | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| सुरक्षित मातृत्व | | | | |
| (क) प्रत्येक गर्भवती महिलाको विवरण राख्ने । | √ | √ | √ | √ |
| (ख) गर्भवती महिलाहरुलाई कम्तिमा ८ पटक परीक्षण गरी सेवा परामर्श दिने । | √ | √ | √ | √ |
| (ग) स्वास्थ्य संस्थामा सुरक्षित प्रसूती सेवा प्रदान गर्ने । जटिल अवस्थाका गर्भवती तथा प्रसूतीलाई प्रेषणको व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| (घ) सुत्केरीपछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेकालाई घरमै गई सेवा प्रदान गर्ने । | √ | √ | √ | - |
| (ङ) सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा दिने, सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (च) फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुले महिला स्वास्थ्य स्वयं सेविकाहरुको सहयोग लिई मातृ तथा नवशिशु मृत्युको कारणहरुको विवरण बनाई राख्ने । | √ | √ | √ | √ |
| खोप | | | | |
| (क) खोपको महत्वबारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) खोप क्लिनिक सञ्चालनको लागि लक्षित समूहको तथ्याङ्क लिई आवश्यक सामग्रीहरुको आपूर्ति गर्ने । | √ | √ | √ | √ |
| (ग) कोल्डचेन कायम राखि भ्याक्सिन आपूर्ति गर्ने । | √ | √ | √ | √ |
| (घ) खोप क्लिनिक सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ङ) खोप दिनुपर्ने बाँकी संख्या पत्ता लगाउने र सुक्ष्मयोजना तयार गरी पुरा खोप दिने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| पोषण | | | | |
| (क) पोषणको महत्वबारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) ३ वर्ष मुनिका बच्चाहरुको वृद्धि अनुगमन गर्ने । | √ | √ | √ | √ |
| (ग) कुपोषण भई आएका बच्चा तथा गर्भवती महिलालाई उपचार गर्ने । | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| (ङ) भिटामिन "ए" तथा आइरन कमी भई आएका बच्चा तथा गर्भवती महिलाहरुलाई भिटामिन "ए" र आइरन चक्की वितरण गर्ने। | √ | √ | √ | √ |
| (च) आयोडिनयुक्त नुन प्रयोगको प्रवर्धन गर्ने। | √ | √ | √ | √ |
| (छ) सन्तुलित भोजनबारे सबै परिवार सम्म चेतना पुऱ्यानउन स्वास्थ्य संस्थाहरुमा नियमित छलफल गर्ने गराउने। | √ | √ | √ | √ |
| **झाडापखाला** | | | | |
| (क) झाडापखाला बारे स्वास्थ्य शिक्षा दिने | √ | √ | √ | √ |
| (ख) ओ. आर. टि. कर्नर स्थापना गरी सञ्चालन गर्ने। | √ | √ | √ | √ |
| (ग) झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोखा गरी जलवियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने। | √ | √ | √ | √ |
| (घ) झाडापखाला प्रकोपको मौसम आउनु अगाडी नै पुनर्जलीय उपचार सामग्रीहरुको मौज्दात स्थिति अध्ययन गरी सोको खाँचो नहुने व्यवस्था मिलाउने। | √ | √ | √ | √ |
| **श्वास प्रश्वास** | | | | |
| (क) श्वास-प्रश्वास रोगको रोगथाम बारे स्वास्थ्य शिक्षा दिने। | √ | √ | √ | √ |
| (ख) आएका श्वास-प्रश्वास रोगीको लेखाजोखा गरी तत्कालै स्तरीय उपचार पद्धति अपनाई उपचार गर्ने। | √ | √ | √ | √ |
| (ग) उपचार हुन नसकेका बिरामीलाई प्रेषण गरी पठाउने र पठाउँदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधी उपलब्ध गराउने। | √ | √ | √ | √ |
| (घ) श्वास-प्रश्वास रोगको उपचारका लागि आवश्यक औषधीको कमी नहुने व्यवस्था मिलाउने। | √ | √ | √ | √ |
| **औलो** | | | | |
| (क) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा बच्ने उपाय बारे जनचेतना जगाउने। | √ | √ | √ | √ |
| (ख) औलो प्रभावित क्षेत्रमा ज्वरो आएको व्यक्तिको रक्त नमुना संकलन कार्यलाई | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| व्यवस्थित गर्ने । | | | | |
| (ग) औलो रोग शंका गरिएका व्यक्तिको रक्तनमूना लिने, प्रयोगशालामा जाँच गर्न पठाउने र निर्देशिका अनुसार उपचार गर्ने । | √ | √ | √ | √ |
| (घ) औलो रोग नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधी नियमित आपूर्ति हुने व्यवस्था मिलाउने (माग गर्ने, वितरण गर्ने ) । | √ | √ | √ | √ |
| (ङ) प्रभावित क्षेत्रमा सिफारिस गरिएको औषधी छर्कने र झुल बितरण कार्य सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| **क्षयरोग नियन्त्रण** | | | | |
| (क) क्षयरोगको रोकथामका लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) शंकास्पद रोगीहरुको खकार नमूना संकलन गरी प्रयोगशालामा पठाउने । | √ | √ | √ | √ |
| (ग) प्रमाणित भएका रोगीको DOTS विधि अनुसार उपचार गर्ने । | √ | √ | √ | √ |
| (घ) दर्ता भएका तर उपचारमा नआउने बिरामीको खोजी गरी उपचार नियमित गराउने । | √ | √ | √ | √ |
| (ङ) उपचारको लागि औषधीको व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **कुष्ठरोग नियन्त्रण** | | | | |
| (क) कुष्ठरोगको रोकथाम, नियमित उपचार तथा पूर्नस्थापना बारे जनचेतना जगाउने । | √ | √ | √ | √ |
| (ख) कुष्ठरोगबाट प्रभावित व्यक्तिहरुका लागि नियमित क्लिनिक संचालन गर्ने । | √ | √ | √ | √ |
| (ग) कुष्ठरोगको उपचार र औषधीको प्रतिक्रिया बारे परामर्श दिने । | √ | √ | √ | √ |
| (घ) नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने । | √ | √ | √ | √ |
| (ङ) कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधी अटुट गर्ने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| (च) कुष्ठरोगको रोकथाम बारे प्रचार प्रसार गर्ने । | √ | √ | √ | √ |
| **एड्स यौनरोग** | | | | |

| | | | | |
|---|---|---|---|---|
| (क) एच.आई.भी.एड्स यौनरोग रोकथाम सम्बन्धि स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) यौनरोगको उपचार गर्ने र शंकास्पद व्यक्तिलाई परामर्श तथा आवश्यक परीक्षणका लागि रेफर गरी पठाउने । | √ | √ | √ | √ |
| **महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप** | | | | |
| (क) आफ्नो कार्यक्षेत्रमा कुनै महामारी फैलिएमा तत्काल नियन्त्रण कार्य सुरु गरी समुदायलाई सचेत गराउनुका साथै सो बारे माथिल्लो निकायलाई जानकारी गराउने । | √ | √ | √ | √ |
| (ख) प्राकृतिक प्रकोपको अवस्थामा आर.आर.टी. सँग समन्वय गरी तत्कालै प्रभावित क्षेत्रमा आवश्यक सेवा प्रदान गर्ने । | √ | √ | √ | √ |
| **वातावरणीय सरसफाई** | | | | |
| (क) आफ्नो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र वरपरको वातावरण सरसफाई राख्ने । | √ | √ | √ | √ |
| (ख) कार्यालय परिसर, सुई, मलम-पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरु सफा बनाई राख्ने । | √ | √ | √ | √ |
| (ग) चर्पीको महत्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोत्साहित गर्ने । | √ | √ | √ | √ |
| (घ) खानेपानी मुहान सफा राख्न जनसहभागिता जुटाउने । | √ | √ | √ | √ |
| **स्वास्थ्य शिक्षा** | | | | |
| (क) स्थानीय मेला, चाडपर्व आदिमा स्वास्थ्य प्रदर्शनी नाटक, झाँकी आदिको प्रदर्शन गर्ने । | √ | √ | √ | √ |
| (ख) शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने र स्थानीय संचारमाध्यमको उचित प्रयोग गर्ने । | √ | √ | √ | √ |
| (ग) नियमित रुपले स्वास्थ्य सम्बन्धि विविध विषयमा स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (घ) आफ्नो क्षेत्रभित्रका सबै विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| (ङ) राष्ट्रिय अभियानका कार्यक्रमबारे स्वास्थ्य शिक्षा प्रदान गर्ने । | √ | √ | √ | √ |
| **प्राथमिक स्वास्थ्य सेवा तथा गाउँघर क्लिनिक कार्यक्रम** | | | | |
| (क) प्राथमिक स्वास्थ्य सेवा तथा गाउँघर क्लिनिक सञ्चालन हुने स्थान निश्चित गराउने । | √ | √ | √ | √ |
| (ख) कार्यक्रम सम्बन्धी वडा स्तरीय परिचयात्मक गोष्ठीहरु सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ग) गाउँघर क्लिनिक व्यवस्थापन समितिको गठन तथा सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (घ) आवश्यक पर्ने औषधी तथा सम्पूर्ण आवश्यक सामग्रीहरुको आपूर्ति व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| (ङ) सुरक्षित मातृत्व, परिवार योजना लगायतका अन्य निर्धारित सेवाहरु प्रदान गर्ने । | √ | √ | √ | √ |
| (च) सुक्ष्म योजना अनुसार गाउँघर क्लिनिक सञ्चालन भएको छ वा पर्याप्त संख्यामा सेवा प्रदान गरिएको छ भन्ने कुरा यकिन गर्ने । | √ | √ | √ | √ |
| **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका** | | | | |
| (क) जनसंख्या/कार्यक्षत्रको आधारमा छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कार्यक्रम संचालन गर्ने । | √ | √ | √ | - |
| (ख) लक्ष्य अनुसार आधारभूत तालिम नियमित रुपमा सञ्चालन गर्ने । | √ | √ | √ | - |
| (ग) कार्यक्रमको अर्धबार्षिक समीक्षा र रेफ्रेसर तालिम सञ्चालन गर्ने । | √ | √ | √ | - |
| (घ) महिला स्वास्थ्य स्वयंसेविकाहरुसँग नियमित भेटघाट गर्ने तथा आमा समूहको बैठकमा नियमित भाग लिने । | √ | √ | √ | √ |
| (ङ) महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई कण्डम, पिल्स, पुनर्जलीय झोल प्याकेट, आइरन चक्की, जिन्क, भिटामिन "ए" प्राथमिक उपचार, शैक्षिक सामग्री तथा अन्य सामानको आफूर्ति व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **उपचारात्मक सेवा** | | | | |

| | | | | |
|---|---|---|---|---|
| (क) नियमानुसार नियमित रुपमा बहिरङ्ग सेवा सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) उपचारको लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने । | √ | √ | √ | √ |
| (ग) आधारभूत आकस्मिक उपचार स्वास्थ्य सेवा प्रदान गर्ने । | √ | √ | √ | - |
| (घ) अन्तरङ्ग उपचार सेवा दिने । | √ | - | - | - |
| (ङ) रक्तचाप (Blood Pressure) परीक्षण, धड्कन/नाडी (Pluse) चेक गर्ने, ज्वरो नाप (Temperature) , श्वास-प्श्वास (Respiration), बृद्धि विकास, तौल, उचाई परीक्षण (Growth Monitoring) सम्बन्धी सेवा दिने । | √ | √ | √ | √ |
| (च) बेहोस(Level of Consciousness), जन्डिस (Assessment for Jaundice), रक्तअल्पता (Anaemia), लिम्फनोड (Lymphnode Enlargement) सुन्नीएको (Edema), निलोपन (Cyanosis'), क्लविङ्ग (Clubbing), छाती (Chest), मुटु (Heart) सम्बन्धी उपचार सेवा दिने । | √ | - | - | - |
| (छ) नसा सम्बन्धी जाँच (Neurological Examination) मोटर (Moter) सेनसोरी (Sensory), मानसिक (Mental Function), टाउको र गर्दन जाँच (Head & Neck Evaluation) । | √ | - | - | - |
| (ज) पेट सम्बन्धी (Abdominal Examination), यौनाङ्ग परिक्षण (Genitalia Examination) स्पाईनल परीक्षण (Spinal Examination), लिम्बस् परीक्षण (Limbs Examination) गर्ने । | √ | - | - | - |
| (झ) नसर्ने रोगहरु जस्तै, मुटु सम्बन्धी, दीर्घ श्वास-प्रश्वास सम्बन्धी रोग, मधुमेह र उच्च रक्तचापको निदान, उपचार, नियन्त्रण तथा रोकथाम सम्बन्धी क्रियाकलापहरुमा सहयोग गर्ने । | √ | √ | √ | √ |
| (ञ) व्यवस्थापन (Management)<br>ज्वरो (Fever), टाउको दुखेको (Headache), जीउ दुखेको (Body ache), खोकी लागेको (Cough), पाँचवर्ष मुनिको बच्चा बिरामी (IMNCI), न्युन | √ | √ | √ | - |

| | | | | |
|---|---|---|---|---|
| श्वास-प्रश्वास (Shortness of Breath), छाती पोलेको (Burning Chest), पेट सम्बन्धी (Abdominal Pain), झाडापखाला (Diarrhoea), बान्ता (Vomiting), दिसामा रगत (Bleeding Per Rectum), पिसाबमा रगत (Bleeding Per Vagina), उच्च रक्तचाप (Hypertension), चिनीरोग (Diabetes), मलेरिया(Malaria) सम्बन्धी उपचार र व्यवस्थापन गर्ने । | | | | |
| **मेडिको -लिगल केश** | | | | |
| (क) घाउचोट, लागुपदार्थ सेवन, बलात्कार आदि पुलिस केश जाँच गरी प्रमाणित गर्ने । | √ | - | - | - |
| (ख) लास जाँच गरी प्रमाणित गर्ने । | √ | - | - | - |
| **अनुगमन** | | | | |
| (क) लक्ष्य, प्रगती, सेवाको कभरेज, मुख्य रोग र स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने । | √ | √ | √ | √ |
| (ख) प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गतिविधिको लेखाजोखा गर्न मासिक रुपमा स्टाफ बैठक गर्ने र समीक्षाको आधारमा सम्बन्धित निकायहरुलाई फिडव्याक दिने । | √ | √ | √ | - |
| (ग) माथिल्ला निकायबाट प्राप्त फिडव्याकलाई स्टाफ बैठक राखि छलफल गर्ने र निर्देशानुसार कार्यवाही गर्ने । | √ | √ | √ | √ |
| **प्रशासनिक कार्य** | | | | |
| (क) आएको सम्पूर्ण चिठीपत्रहरु दर्ता गर्ने र विषयगत फाइल खडा गरी राख्ने । | √ | √ | √ | √ |
| (ख) पठाउनु पर्ने पत्रहरु चलानी गर्ने र विषयगत फाइल खडा गरी प्रतिलिपी राख्ने । | √ | √ | √ | √ |
| (ग) प्राप्त पत्रहरुमा आश्यकतानुसार कार्यवाही गर्ने । | √ | √ | √ | √ |
| (घ) कर्मचारीको हाजिरी, विदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राख्ने । | √ | √ | √ | √ |
| (ङ) आगन्तुक तथा सुपरिवेक्षण पुस्तिका बनाई सुपरिवेक्षणमा आउनेको राय मन्तव्य लेखाई राख्ने । | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| (च) मातहतका कर्मचारीहरुले आफ्नो कार्य विवरण अनुसार कार्य गराइरहेका छन भन्ने कुराको यकिन गर्ने । | √ | √ | √ | - |
| (छ) सञ्चालक समिति, परिषद्हरु र इकाईहरुको अभिलेख अद्यावधिक राख्ने । | √ | √ | √ | √ |
| **अभिलेख तथा प्रतिवेदन** | | | | |
| (क) व्यवस्थापन सूचना प्रणालीले लागु गरेको फर्म, कार्डमा प्रयोग गरी सम्पूर्ण स्वास्थ्य कार्यक्रम तथा गतिविधिहरुको अभिलेख राख्न तथा निर्धारित मितिभित्र सम्बन्धित निकायमा प्रतिवेदन पठाउने । | √ | √ | √ | √ |
| (ख) आवश्यक पर्ने फर्म, रजिष्टर कमसेकम ३ महिनाको लागि स्टक बाँकी हुदैमा माग गर्ने । | √ | √ | √ | √ |
| अन्य | √ | √ | √ | √ |
| (क) स्थानीय स्रोत परिचालन गरी स्वास्थ्य सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) थप भएका नयाँ कार्यक्रमहरु निर्देशिका अनुसार सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ग) कृषि र वातावरणको क्षेत्रमा सरोकारवाला पक्षसँग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी, स्वच्छ वातावरण निर्माणको लागि आवश्यक कार्यक्रम निर्माण र कार्यान्यिन कार्यमा सहयोग गर्ने । | √ | √ | √ | √ |

**स्वा.चौ.- स्वास्थ्य चौकी, आ.स्वा.से.के- आधारभूत स्वास्थ्य सेवा केन्द्र, सा.स्वा.इ.के.- सामुदायिक स्वास्थ्य इकाई केन्द्र**

**६.२.१ आयुर्वेद सेवा: आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु छन् ।**

**(क) सेवामूलक कार्यक्रम**

- **स्तनपायी आमाका लागि स्तन्यवर्धक आयुर्वेद औषधि वितरण गर्ने ।**
- **ज्येष्ठ नागरिकहरुलाई नि:शुल्क स्वास्थ्य संरक्षण, प्रवर्द्धन र पञ्चकर्म, रसायन योग सेवाको आवश्यक व्यवस्थापन गर्ने ।**
- **स्थानीय जडिबुटी रोपन तथा लगत सङ्कलन /नमुना जडीबुटी उद्यान निर्माण गर्ने ।**

- स्थानीय जडिबुटीबाट क्वाथ, चूर्ण आदि औषधि निर्माण गरी ताजा औषधि प्रयोग गराउने ।
- नि:शुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने ।
- नि:शुल्क दर्ता शुल्क तथा अनुदानको व्यवस्था मिलाउने ।
- योगा पञ्चकर्म कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सचेतनामूलक कार्यक्रम

- विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- जडीबुटी सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- अगुवा कृषकहरूलाई व्यवसायिक जडीबुटी सम्बन्धित तालिम सञ्चालन गर्ने ।
- आयुर्वेद महिला स्वयंसेविका परिचालन गर्ने ।
- जनपद्‌दोध्वंश (महामारी) रोगहरू सम्बन्धी व्यवस्थापन र कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय परम्परागत स्वास्थ्यकर्मी, धामी-झाँक्री, लामा र आम्चीसँग अन्तरक्रिया, गोष्ठी जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद-७

## स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन

### ७.१ १५ शैय्या आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति

| क्र.सं. | आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिमा प्रतिनिधित्व हुने क्षेत्रको विवरण | पद |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. | अध्यक्षले मनोनित गरेको एकजना जनप्रतिनिधि | उपाध्यक्ष |
| ३. | गाउँपालिका सामाजिक विकास- स्वास्थ्य शाखाबाट-स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ४. | सम्बन्धित स्वास्थ्य संस्था रहेको वडाको अध्यक्ष | सदस्य |

| | | |
|---|---|---|
| ५. | स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयको प्रमुख/प्राचार्य/शिक्षिका मध्येबाट एकजना महिला | सदस्य |
| ६. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य् |
| ७. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ८. | सम्बन्धित वडा कार्यलयका सचिव | सदस्य |
| ९. | संरक्षकले तोकेको महिला दलित/जनजातिबाट एकजना | सदस्य |
| १०. | अध्यक्षले तोकेको ज्येष्ठ नागरिकबाट एक जना | सदस्य |
| ११. | अपाङ्गता, अशक्त व्यक्तिबाट एकजना | सदस्य |
| १२. | किशोरीहरु मध्येबाट एकजना | सदस्य |
| १३. | सम्बन्धित अस्पताल प्रमुख | सदस्य सचिव |

७.२ आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति

| क्र.सं. | आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिमा प्रतिनिधित्व हुने क्षेत्रको विवरण | पद |
|---|---|---|
| थबाङ गाउँपालिका अध्यक्ष | | संरक्षक |
| १. | सम्बन्धित स्वास्थ्य संस्था रहेको वडाको अध्यक्ष | अध्यक्ष |
| २. | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुबाट एकजना महिला जनप्रतिनिधि | उपाध्यक्ष |
| ३. | स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख/प्राचार्य/शिक्षिका मध्येबाट एकजना महिला | सदस्य |
| ४. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य् |
| ५. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ६. | सम्बन्धित वडा कार्यलयका सचिव | सदस्य |

| | | |
|---|---|---|
| ७. | संरक्षकले तोकेको महिला दलित/जनजातिबाट एकजना | सदस्य |
| ८. | अध्यक्षले तोकेको ज्येष्ठ नागरिक एक जना | सदस्य |
| ९. | अपाङ्गता, अशक्त व्यक्तिबाट एकजना | सदस्य |
| १०. | किशोरीहरु मध्येबाट एकजना | सदस्य |
| ११. | सम्बन्धित आ.स्वा.से.के.प्रमुख | सदस्य सचिव |

७.३ स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समिति

| क्र.सं. | स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिमा प्रतिनिधित्व हुने क्षेत्रको विवरण | पद |
|---|---|---|
| थबाङ गाउँपालिका अध्यक्ष | | संरक्षक |
| १. | सम्बन्धित स्वास्थ्य संस्था रहेको वडाको अध्यक्ष | अध्यक्ष |
| २. | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुबाट एकजना महिला जनप्रतिनिधि | उपाध्यक्ष |
| ३. | स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख/प्राचार्य/शिक्षिका मध्येबाट एकजना महिला | सदस्य |
| ४. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ६. | सम्बन्धित वडा कार्यलयका सचिव | सदस्य |
| ७. | संरक्षकले तोकेको महिला दलित/जनजातिबाट एकजना | सदस्य |
| ८. | अध्यक्षले तोकेको ज्येष्ठ नागरिक एक जना | सदस्य |
| ९. | अपाङ्गता, अशक्त व्यक्तिबाट एकजना | सदस्य |
| १०. | किशोरीहरु मध्येबाट एकजना | सदस्य |
| ११. | सम्बन्धित स्वास्थ्य चौकी प्रमुख | सदस्य सचिव |

७.४ सामुदायिक स्वास्थ्य इकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति

| क्र.सं. | सामुदायिक स्वास्थ्य इकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिमा प्रतिनिधित्व हुने क्षेत्रको विवरण | पद |
|---|---|---|
| थबाङ गाउँपालिका अध्यक्ष | | संरक्षक |
| १. | सम्बन्धित स्वास्थ्य संस्था रहेको वडाको अध्यक्ष | अध्यक्ष |
| २. | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुबाट एकजना महिला जनप्रतिनिधि | उपाध्यक्ष |
| ३. | स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख/प्राचार्य/शिक्षिका मध्येबाट एकजना महिला | सदस्य |
| ४. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य् |
| ५. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ६. | सम्बन्धित वडा कार्यलयका सचिव | सदस्य |
| ७. | संरक्षकले तोकेको महिला दलित/जनजातिबाट एकजना | सदस्य |
| ८. | अध्यक्षले तोकेको ज्येष्ठ नागरिक एक जना | सदस्य |
| ९. | अपाङ्गता, अशक्त व्यक्तिबाट एकजना | सदस्य |
| १०. | किशोरीहरु मध्येबाट एकजना | सदस्य |
| ११. | सम्बन्धित स्वास्थ्य चौकी प्रमुख | सदस्य सचिव |

नोटः गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको बैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ।

७.५ खारेजी र बचाउः

७.५.१ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि, २०७५ खारेज गरिएको छ।

७.५.२ ७.५.१ बमोजिमको भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यो कार्यविधि आवश्यक भएमा संशोधन गर्न सकिने छ ।

अनुसूचीहरुः

## अनुसूची-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदरफा २ (झ) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएको स्वास्थ्य सरसफाईसँग सम्बन्धित काम, कर्तव्य र अधिकारहरु :

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन

(२) आधारभूत स्वास्थ्य, प्रजन्न स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्धन

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन

(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन

(७) स्वास्थ्यजन्य फोहोरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विर्सजन र सोको सेवा शुल्क निर्धारण र नियमन

(८) रक्त संचार सेवा तथा स्थानीय र आधारभूत स्वास्थ्य सेवा सञ्चालन

(९) औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा नीजि तथा गैर सरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी

(११) परिवार योजना तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन र नियमन

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण रोकथाम, नियन्त्रण

## अनुसूची-२

नेपालको संविधान अनुसूची-९ मा उल्लेख भए बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित संघ तथा प्रदेश सँगको सहकार्यमा प्रयोग गर्ने स्थानीय सरकारको स्वास्थ्यसँग सम्बन्धित साझा अधिकार सम्बन्धी कार्यक्रमहरु :

स्वास्थ्यः

(१) संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने ।

(२) जनरल अस्पताल, नर्सिङ्गहोम,निदान केन्द्र तथा अन्य स्वास्थ्य संथाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने ।

(३) स्थानीय स्तरमा औषधीजन्य वनस्पति, जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गर्ने ।

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन

(५) स्थानीयस्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनको न्यूनतम मूल्य निर्धारण र नियमन

(६) स्थानीयस्तरमा औषधीको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण

(७) स्थानीयस्तरमा औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)

(१०) स्थानीयस्तरको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, उपचारात्मक, पुनस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्धनः

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन

(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि

(१४)आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापनः

(१५) जनस्वास्थ्य आपत्कालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन

(१६) रोगको नियन्त्रण तथा रोकथाम

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

अनुसूची-३

व्यवस्थापन समितिको कार्यसम्पादन स्वःमूल्यांयाङ्कन फाराम

स्वास्थ्य संस्थाको नाम.............................................. समीक्षा गरेको मितिः..............................................

(क) संस्थागत क्षमता र समितिको सशक्तिकरण

| क्र.सं. | सुचकहरु | छ (१) | छैन (०) |
|---|---|---|---|
| १. | गत ६ महिनामा समितिको बैठक नियमित भएको | | |
| २. | बैठकमा ५१ प्रतिशत वा त्यस भन्दा बढी उपस्थित हुने गरेको | | |
| ३. | सदस्यहरु बैठकमा ठीक समयमा आउने गरेको | | |
| ४. | समितिको मासिक बैठकको निम्ति निश्चित मिति र समय तोकेको | | |
| ५. | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरु बैठकमा नियमित रुपमा उपस्थित हुने गरेको | | |
| ६. | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरुले आफ्नो समुदायका स्वास्थ्य समस्या राखेको र उक्त समस्याहरुलाई निर्णय प्रक्रियामा महत्व दिइएको | | |
| ७. | बहुमत सदस्यहरुले आ-आफ्नो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरु समुदायसम्म पुऱ्याउने गरेको | | |
| ८. | निर्णयहरु बुँदागत रुपमा कार्ययोजनाको स्वरुपमा लेख्ने | | |
| ९. | अघिल्लो महिनाको कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन गर्ने गरेको | | |
| १०. | गत आर्थिक वर्षको बार्षिक प्रगति विवरण सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| ११. | अघिल्लो बैठकको प्रगति समीक्षा समितिको मासिक बैठकमा नियमित रुपमा छलफल हुने गरेको | | |
| १२. | बैठकमा उठेको विषयवस्तु समाधानका लागि एक भन्दा बढी सदस्यलाई जिम्मेवारी दिने गरेको | | |
| १३. | समितिको वार्षिक कार्ययोजना बनाएको र सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १४. | समितिका सदस्यहरुको फोटो सहितको नामावली वोर्ड स्वास्थ्य संस्थामा सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १५. | समितिका सदस्यहरुलांई आफ्नो भूमिका तथा जिम्मेवारीहरु थाहा नभएको | | |

| | | | |
|---|---|---|---|
| १६. | समिति विधिवत् रुपमा (निर्देशिका अनुसार) गठन भएको | | |
| १७. | समितिको आफ्नो लेटरप्याड र छाप बनाएको | | |
| जम्मा | | | |

स्वास्थ्य संस्थाको नामः.........................................समीक्षा गरेको मितिः ...................................

(ख) स्वास्थ्य संस्था व्यवस्थापनः

| | | | |
|---|---|---|---|
| १. | स्वास्थ्य संस्थाभित्र तथा बाहिर कम्पाउन्डको वातावरण सफा र व्यवस्थित राखेको | छ (१) | छैन (०) |
| २. | आवश्यकता अनुसार भौतिक पूर्वाधार (भवन, कोठा, प्रतिक्षालय, पानी, बिजुली, चर्पी फर्निचर, आदि) को व्यवस्थापन गरेको। | | |
| ३. | स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन गर्न समितिले पहल गरेको | | |
| ४. | स्वास्थ्य संस्थालाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक औषधिको व्यवस्थापन गरेको | | |
| ५. | स्वास्थ्य संस्थामा आवश्यक पर्ने औजार तथा उपकरणहरू व्यवस्थापन गरेको | | |
| ६. | गाउँपालिका तथा अन्य निकायबाट स्वास्थ्य कार्यक्रमका लागि स्रोत परिचालन गरेको | | |
| ७. | कार्यालय समय अनुसार १० बजे देखि ५ बजे सम्म स्वास्थ्य संस्था खोल्ने व्यवस्था गरेको | | |
| ८. | समितिले स्वास्थ्य संस्थाको सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको | | |
| ९. | समितिद्वारा योजनाअनुसार स्वास्थ्य संस्थालाई सहयोग र सुपरिवेक्षण गर्ने गरेको | | |
| १०. | समितिले प्राथमिक स्वास्थ्य सेवा तथा गाउँघर क्लिनिक र खोप केन्द्रमा सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको | | |
| ११. | समितिले प्राथमिक स्वास्थ्य सेवा तथा गाउँघर क्लिनिक र खोप केन्द्रमा सहयोग गर्न सुपरिवेक्षण योजना अनुसार गर्ने गरेको | | |
| १२. | समितिले आफूले गरेका कामको निश्चित प्रक्रिया अपनाई आफैले समीक्षा गर्न सक्षम | | |

| | | | |
|---|---|---|---|
| | भएको र गर्ने गरेको | | |
| १३. | समितिले कर्मचारीहरूको कामको मूल्यांकन गरी प्रोत्साहन गर्ने गरेको | | |
| १४. | समितिबाट महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कामको मूल्याङ्कन गरी प्रोत्साहन गर्ने गरेको | | |
| १५. | समितिले गाउँपालिका वा अन्य निकायसँग कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न समन्वय गर्ने गरेको | | |
| १६. | समितिले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई आवश्यक सहयोग गर्ने गरेको | | |
| १७. | समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण पश्चात देखिएका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरूलाई समितिको मासिक बैठकमा राखी छलफल गर्ने गरेको | | |
| १८. | स्वास्थ्य संस्थाको वस्तु(Health Profile)गत पार्शव चित्र बनाएको | | |
| जम्मा | | | |

स्वास्थ्य संस्थाको नामः.........................................समीक्षा गरेको मितिः ...............................

(ग) स्वास्थ्य सेवाको अवस्थाः

| | | | |
|---|---|---|---|
| १. | प्रत्येक महिना स्वास्थ्य संस्थाको सेवाको प्रगतिको समीक्षा मासिक अनुगमन कार्य पुस्तिकाको आधारमा गरी समितिको मासिक बैठकमा राख्ने गरेको | छ (१) | छैन (०) |
| २. | खोपको लक्ष्य अनुसार प्रगति हासिल गरेको र समुदायमा आधारित नवजात शिशु स्याहार तथा बालरोगको एकीकृत व्यवस्थापन गरेको | | |
| ३. | आठ पटक गर्भजाँच सेवा लक्ष्यअनुसार प्रगति हासिल गरेको | | |
| ४. | २२५ आइरन चक्की सेवनको लक्ष्य अनुसार प्रगति हासिल गरेको | | |
| ५. | लक्ष्य अनुसार टी.टी.खोपको प्रगति हासिल गरेको | | |
| ६. | समितिले दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउन व्यवस्था गरेको | | |
| ७. | चाहना हुँदा हुँदै पनि परिवार योजनाको कुनै साधन उपभोग गर्न नसकेका दम्पतिहरूको पहिचान गरेको | | |

| | | | |
|---|---|---|---|
| ८. | प्राथमिक स्वास्थ्य सेवा तथा गाउँघर क्लिनिक र खोप केन्द्रहरू नियमित रूपमा सञ्चालन हुने गरेको | | |
| ९. | सेवाबाट छुटेका मानिस (महिला, दलित, जनजाति, पिछडिएका र संस्थाबाट टाढा रहेका) हरूको पहिचान गरी सेवामा उनीहरुको पहुँच बढाउन समुदाय परिचालन कार्य गर्ने गरेको | | |
| १०. | राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरूमा समितिले योजनाबद्ध रुपमा सहयोग गर्ने गरेको | | |
| ११. | स्वास्थ्य संस्थामा हुनुपर्ने औषधिको किसिम स्वास्थ्य संस्थाको तह अनुसार उपलब्ध गरेको | | |
| १२. | स्वास्थ्य संस्थामा हुनुपर्ने चारवटा अत्यावश्यक औषधिहरू (पुनर्जलीय झोल, एमोक्सिसिलिन, आइरन र भिटामिन "ए" भए नभएको यकिन गरेको | | |
| १३. | स्वास्थ्य संस्थामा हुनुपर्ने कम्तिमा तीनवटा परिवार योजनाका साधनहरु (कन्डम, पिल्स, डिपो) भए नभएको यकिन गरेको | | |
| १४. | नागरिक बडापत्र सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १५. | समिति र स्वास्थ्य संस्थाको वार्षिक कार्ययोजना बनाएको | | |
| १६. | गाउँपालिकाको स्वास्थ्य आवश्यकताको पहिचान गरी वडास्तरीय स्वास्थ्य संस्था योजना बनाएको | | |
| १७. | अ.हे.व./अ.न.मी.ले समितिको बैठकमा उपस्थित भई स्वास्थ्य आमा समूह, प्राथमिक स्वास्थ्य सेवा तथा गाउँघर क्लिनिक, स्वास्थ्य स्वयंसेविका कार्यक्रमबारे छलफल गर्ने गरेको | | |
| जम्मा | | | |

स्वास्थ्य संस्थाको नामः........................................समीक्षा गरेको मितिः ..............................

अनुसूचि-४

बैठक नम्बरः

मितिः गते महिना साल

| गते | महिना | साल |
|---|---|---|
| | | |

बैठक सञ्चालन भएको स्थानः

बैठकको संक्षिप्त विवरणः

आज मिति ...................................मा यस ..............................आधारभूत अस्पताल/आधारभूत स्वास्थ्य सेवा केन्द्र/ स्वास्थ्य चौकी/ सामुदायिक स्वास्थ्य इकाई केन्द्र को सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष ..........................................को अध्यक्षतामा निम्न लिखित महानुभावको उपस्थितिमा बसेको बैठकले विभिन्न प्रस्तावहरुमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | महिला/पुरुष | पद | मोबाइल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

बैठकमा छलफलका लागि प्रस्तावहरुः-

| क्र.सं. | प्रस्तावहरु | प्रस्ताव गर्ने सदस्यको नाम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

बैठकका निर्णयहरुः-

यो बैठकले उपरोक्त प्रस्तावहरुमा गहन छलफल गरी निम्नानुसारको कार्ययोजना सहितको निर्णय गर्‍यो।

१. अघिल्लो बैठका निर्णयको समीक्षाः

.............................................

.............................................

.............................................

२. बैठकका मुख्य निर्णयहरुः-

.........................................

.....................................

.....................................

३. निर्णय कार्यान्वयनको कार्य योजना

| क्र.सं. | पहिचान भएका समस्या | कार्यान्वयनका लागि सिफारिस गरेका क्रियाकलापहरु | पूरा गर्ने समय सीमा | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

दस्तखतः

अनुसूचि-८

नागरिक बडापत्र

आधारभूत स्वास्थ्य सेवा प्याकेज र सेवाको न्यूनतम मापदण्डमा उल्लेख भएका कार्यक्रमहरुको आधारमा तोकिएको ढाँचामा तयार गरी सेवाग्राहीको सहज पहुँच हुने स्थानमा टाँस गर्नुपर्नेछ।

आज्ञाले,

...................

गणेश बि.क.

प्रमुख प्रशासकीय अधिकृत